प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# टीकापुर अस्पताल

## टीकापुर, कैलाली

## बोलपत्र आवह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०८/१३ गते)**

टीकापुर अस्पतालको लागि चालु आ.व.२०७८/०७९ मा आवश्यक पर्ने नि:शुल्क अत्यावश्किय औषधिहरु,अस्पताल व्यवस्थापन समिति तर्फ सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरु **विद्युतिय** बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकाले नविकरण भएको फर्मदर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व.०७६/०७७ सम्मको कर चुक्ता प्रमाणप्रत्र (म्याद थप सहित) प्राप्त गरेका इच्छुक इजाजत प्राप्त सप्लायर्स ,बिक्रेता, व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीत पूर्वकको शिलबन्दी बोलपत्र आहवानका लागी यो सूचना प्रकाशित गरीएको छ । साथै बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी (सूचनाका शर्तहरु) बोलपत्रसाथ संलग्न राखिएको ब्यहोरा सूचित गरिन्छ।

**शर्तहरु**

१) बोलपत्र तपसिल उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत उक्त बेवसाइटमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै हार्ड कपिलाई स्वीकार गरिनेछैन ।

२) इच्छुक शिलबन्दी बोलपत्रदाताले श्री राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको खाता नं.१०००२०००१०००० (कार्यालय कोड ३५००२७७०२७) राजश्व शिर्षक नं.१४२२९ मा रु ३,०००/- (अक्षेरुपी तिन हजार) (फिर्ता नहुने) जम्मा गरेको बैंक भौचर गर्नुपर्नेछ ।

३) Upload भएका शिलबन्दी बोलपत्रहरु ३१औं दिनको २:०० बजे शिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा खोल्न दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेपछि उक्त कार्य क्रमश: हुनेछ।

५) जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी, कैलालीको हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कार्यालय कोड नं.३५००२७७०२७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट १२० दिन मान्य अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ अनिवार्य पेश गर्नुपर्नेछ ।

६) शिलबन्दी बोलपत्रदाताले कबोल गरेको दररेट (मु.अ.कर वाहेक) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ । कतै केरमेट वा थपघट गर्नुपर्ने भए बुझिने गरी काटी सो काटीएको र थपिएको ठाउँमा दायाँ बायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ । साथै बोलपत्रको BOQ को प्रत्येक पानामा फर्मको छाप एवं आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ ।

७) सम्पूर्ण करहरु शिलबन्दी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।कुनै पनि कर वापत तिरेको रकम शोधभर्ना यस कार्यालयबाट दिईने छैन ।

८) प्रत्येक शिलबन्दी बोलपत्रदाताले शिलबन्दी बोलपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्नेछ ।

९) आपूर्ति गरिने नि:शुल्क औषधिहरु ,सर्जिकल एवं डेन्टल सामानहरु , औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरुको म्याद आपूर्ति गरेको मितिले कम्तीमा ७५% शेल्फ अवधि बाँकी रहेको हुनुपर्नेछ ।साथै उक्त नि:शुल्क औषधिहरु ,सर्जिकल एवं डेन्टल सामानहरु , औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरु स्वीकृत आपूर्तिकर्ताले अस्पतालको स्टोरसम्म ढुवानी गर्नुपर्नेछ ।सो ढुवानी वाफतको भाडा दिइनेछैन ।

१०) रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको शिलबन्दी बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

११) खरिद गर्नुपर्ने नि:शुल्क औषधिहरु,सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरु पुरै स्वीकृत गर्ने वा आइटमवाईज स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ । साथै शिलबन्दी बोलपत्रमा उल्लेख भएका सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरुको परिमाणमा यस अस्पतालको बजेट कार्यक्रम अनुसार थपघट हुन सक्नेछन् ।मु.अ.कर लाग्ने भएमा पेश गरेको दरमा मु.अ.कर समावेश गरेको वा नगरेको व्यहोरा उल्लेख गर्नुपर्ने छ ।

१२) नि:शुल्क औषधिहरुको हकमा प्याकेजवाइज तथा सर्जिकल एवं डेन्टल सामानहरु,औषधिहरु तथा प्रयोगशाला रियजेन्टस किटहरुको हकमा आइटमवाइज खरिद गरिनेछ ।

१३) शिलबन्दी बोलपत्रदाताले उपलब्ध गराउने औषधिहरुW.H.O,G.M.P सर्टिफाई कम्पनिको र सर्जिकल सामानहरु ISO सर्टिफाई कम्पनिको हुनुपर्नेछ र शिलबन्दी बोलपत्र पेश गर्दा उक्त कम्पनिहरुका प्रमाणित सर्टिफिकेटहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

१४) बोलपत्रदाताले खरिद प्रक्रियामा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धी कुसरमा सजाय नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ। त्यस्तो स्वघोषणा पत्र सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ ।

१५) बोलपत्रको मूल्याङ्कन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना सामान माग गरी सो को आधारमा मूल्याङ्कन गर्न सक्नेछ ।

१६) शिलबन्दी बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

१७) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१८) गैर स्थानिय बोलपत्रदाताले स्थानिय एजेन्टको व्यवस्था गर्नुपर्नेछ ।साथै बोलपत्रदाताले आधिकारिक इमेल, मोबाइल नं. उल्लेख गर्नुपर्नेछ ।

१९) बोलपत्रदाताले कबोल गरेको सामान तोकिएको परिमाण तथा मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा उक्त सामानहरु बजारबाट सिधै खरिद गरिनेछ ।यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख भएको मूल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाकी रकमबाट असुलउपर गरिनेछ ।

२०) सम्झौता गरी सामानहरु सप्लाइ नगर्ने फर्मलाई नियमानुसारको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

२१) यस सूचनामा उल्लेख हुन छुट भएका बुदाहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

तपसिलः

| सि. न. | ठेक्का नं. | कामको विवरण | ज्मानत रकम | बोलपत्र दस्तुर | बेलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|
| १. | TH/Kailali/NCB/Goods/12/2078 -079 | Purchase of Laboratory reagents, kits and others | १५००००।०० | ३०००।०० | 29-12-2021 , 12.00 | 29-12-2021 , 14.00 |
| २. | TH/Kailali/NCB/Goods/13/2078 -079 | Surgical,Dental Items | १२४०००।०० | ३०००।०० | 29-12-2021 , 12.00 | 29-12-2021 , 14.00 |
| ३. | TH/Kailali/NCB/Goods/14/2078 -079 | Purchase of Medicines | १४००००।०० | ३०००।०० | 29-12-2021 , 12.00 | 29-12-2021 , 14.00 |
| ४. | TH/Kailali/NCB/Goods/15/2078 -079 | Purchase of Free Medicines | ५१०००।०० | ३०००।०० | 29-12-2021 , 12.00 | 29-12-2021 , 14.00 |

टीकापुर अस्पताल टीकापुर कैलाली